- हमाह् मोकोन्ला गिक्नोन ताम्मोकोन् कोलाजुगुदा स्कुल भर्ना थेन् निुल्क क्षिा याइतोबा ताम् ।
- वानि? केरेक्ले न् पिचिगेक्सा युक्छिआ,केरेक् छिन्याबित्छुहा? निाम्किम्मा मिङाम्मा नु इम्मा तिाम्रे कुनिरेबा ।
- हमरे बकय पहिला प्राथमिकताहरेक लरिका बिटियन का विद्यालय भर्ना अय निःशुल्क शिक्षा कय निश्चितता ।
- हमनी बके पहिल प्राथमिकता,ब लइकन बके स्कुल भर्ना आ निःशुल्क शिक्षा के निश्चितता ।
- हमराबक पहिला प्राथकिताम धीयापुताकें विद्यालय दाखिला आ निशुल्क शिक्षाक निश्चितता ।
- कान पहुकउ पहिलउ प्राथमिकता,पइ बचामिबाकोके पिाढाह् भर्ना ढ निशुल्क शिक्षाढउ निश्चितता ।
- वान्केन भाराबो बुदाउ काचि, भारा छाचिबो निपाह तायाबिमरा नह छाम्पाकि फोक मान्छोन्नाह ताया तोक्सा ।
- ह्यो ताबलये कोंये प्राथमिकता,तायन् कोलोमेलई सब्बारी भ्रों व नी निःशुल्क बेवर निश्चितता ।
- हमरा बके पहिला प्राथमिकता,ब बालबालिकाके विद्यालय भर्ना आ निशुल्क शिक्षाके निश्चितता ।
- फी फुक्कस्या दुइके नु फुक्क मस्तयत स्कूल छुवयेनु मस्तयसं सितिक्कं भने दयकेनु ।
- हमार बके पहिला प्राथमिकता,स्कू लर्कापर्कनहे स्कूल भर्ना बो निःशुल्क शिक्षाके निश्चितता ।


नेपाल सरकार

शिक्षा मन्त्रालय

**शिक्षा विभाग**, सानोठिमी, भक्तपुर

फोन नं. : ६६३१०७५, ६६३१९७१, ६६३२०२८, ६६३१९७४

६६३५१७८/१७९/१८०

फ्याक्स : ६६३१९७२

e-mail: doestat@mos.com.np

web: www.doe.gov.np


# सबैका लागि शिक्षा

सुनिश्चितताका लागि विद्यार्थी भर्ना अभियान तथा विद्यालय स्वागत कार्यक्रम

# सहयोगी पुस्तिका

## २०६७




हामी सबैको पहिलो प्राथमिकता, सबै बालबालिकालाई विद्यालय भर्ना र निःशुल्क शिक्षाको सुनिश्चितता

# दुई शब्द

सन् २०१५ सम्म मुलुकका सबै बालबालिकालाई प्राथमिक स्तरसम्मको शिक्षा गुणस्तरीय, निःशुल्क र अनिवार्य रूपमा उपलब्ध गराउन नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरुमा प्रतिवद्धता जाहेर गरेको तथ्य सबैमा विदितै छ । विगतमा विभिन्न प्रयास हुँदाहुँदै पनि प्राथमिक उमेर समूहका करिब ६.४ प्रतिशत बालबालिका खास गरेर अपाङ्ग भएका, दृष्टिविहिन र न्यून दृष्टि भएका, दलित, अति पिछडिएका जनजाति, गरिबी एवम् द्वन्द्वको मारमा परेका र कठिन भूपरिवेशमा रहेका तथा सडक बालबालिका विद्यालयबाहिर रहेका छन् । ती सबै बालबालिकालाई विद्यालयभित्र ल्याउने, टिकाइराख्ने र गुणस्तरीय शिक्षा दिने दायित्व आज हामी सबैको काँधमा आएको छ ।

विद्यालयबाहिर रहेका बालबालिकालाई विद्यालयभित्र ल्याउनका लागि विगत वर्षहरुदेखि नै विद्यार्थी भर्ना अभियान सप्ताह मनाउदै आएकोमा यस कार्यक्रमलाई शिक्षा मन्त्रालय, शिक्षा विभागको मात्र नभई समग्र नेपालीको कार्यक्रम बन्न सक्ने गरी मुलुकभरी नै "विद्यालय स्वागत तथा भर्ना अभियान कार्यक्रम २०६७" को रूपमा अघि बढाउन खोजिएको छ । सरकारी एवम् संयुक्त राष्ट्र सङ्घ सम्बद्ध निकाय, विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी एवम् सामूदायिक संघसंस्था, स्थानीय निकाय र विद्यालयहरु समेतले आ-आफ्ना क्षेत्रबाट ऐक्यबद्धता जनाउँदै सक्दो सहयोग पुऱ्याई विद्यालयबाहिर रहेका बालबालिहरुलाई विद्यालयभित्र ल्याउन, टिकाइराख्ने र गुणस्तरीयता प्रदान गर्ने कार्यक्रमलाई सफल बनाउन पूर्ण सहयोग गर्नेछन् भन्ने विश्वास लिएको छु ।

यस सहयोगी पुस्तिकाले विद्यार्थी भर्ना अभियान कार्यक्रम सम्बन्धमा गरिने विभिन्न क्रियाकलापहरुबारे कार्यविधि र ढाँचा प्रस्तुत गरेको छ । यी कार्यविधिहरु कार्यक्रमलाई व्यवस्थित रुपमा अघि बढाउने उद्देश्यले तयार गरिएका सामान्य मार्गदर्शन मात्र भएकाले सम्बन्धित समितिहरुबाट स्थानीय आवश्यकताअनुसार क्रियाकलापहरुलाई थप व्यवस्थित र व्यवहारिक बनाउन आवश्यक निर्णय गर्न सकिनेछ ।

यसै सिलसिलामा कार्यपुस्तिकाको तयारीमा सहयोग पुऱ्याउने विश्व शिक्षा, युनिसेफ, बाल बचाउ कोष संयुक्त, प्लान इन्टरनेशनल, नेपाल शिक्षक युनियन, पत्रकार मित्रहरु, गैरसरकारी संस्थाहरु लगायत सबैका लागि शिक्षाको राष्ट्रिय अभियान संजालको सम्पूर्ण सदस्यहरु र प्रंत्यक्ष एवम् अप्रत्यक्ष रुपमा सहयोग गर्ने सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु । समय समयमा सुझाव तथा निर्देशन प्रदानगर्नुहुने शिक्षा मन्त्रलयका श्रीमान् सचिवज्यू, मूल समितिका सदस्यहरु एवम् शिक्षा विभागका मित्रहरुप्रति समेत आभार व्यक्त गर्न चाहन्छु ।

मिति २०६६/१२/१२

.......................... .

हरिवोल खनाल
महा-निर्देशक

# सबैका लागि शिक्षा
## सुनिश्चितताका लागि विद्यार्थी भर्ना अभियान तथा विद्यालय स्वागत कार्यक्रम
## सहयोगी पुस्तिका

नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग
सानोठिमी, भक्तपुर

# विषयसूची


| क्र.सं. | विषय | पृष्ठ |
|---|---|---|
| १. | पृष्ठभूमि | १ |
| २. | उद्देश्य | ४ |
| ३. | कार्यक्रम सञ्चालनको कार्यनीति | ४ |
| ४. | कार्यक्रम सञ्चालन प्रक्रिया | ५ |
| ५. | कार्यक्रमका चरणहरू | ५ |
| ६. | समितिहरूको व्यवस्था | ६ |
| ७. | सबैका लागि शिक्षा अभियान कार्यक्रमको सञ्जाल | १४ |
| ८. | कार्यक्रम अनुगमन | १४ |
| ९. | कार्ययोजना | १६ |
| १०. | अनुसूची | १९ |

# सबैका लागि शिक्षा
# सुनिश्चितताका लागि विद्यार्थी भर्ना अभियान तथा विद्यालय स्वागत कार्यक्रम
# सहयोगी पुस्तिका

## १. पृष्ठभूमि :

सन् १९९० मा थाइल्यान्डको जोमटिनमा भएको "सबैका लागि शिक्षा" सम्बन्धी विश्व सम्मेलनको घोषणापत्रलाई सन् २००० मा सेनेगलको डकारमा भएको विश्व शिक्षा मञ्चले समीक्षा गर्दै सन् २०१५ सम्म विश्वका सबै बालबालिकाहरूलाई प्राथमिकस्तरसम्मको शिक्षा निःशुल्क र अनिवार्य रूपमा उपलब्ध गराउन प्रतिबद्धता जाहेर गरेको छ । यस सन्दर्भमा सन् २०१५ सम्ममा "**सबैका लागि शिक्षा**" का उद्देश्यहरू पूरा गर्न नेपालले पनि सबैका लागि शिक्षा राष्ट्रिय कार्य योजना, (२००१-२०१५) बनाई यसअन्तर्गत सबैका लागि शिक्षा मूल दस्तावेज (२००४-२००९) को रणनीतिक कार्यक्रम लगायत विभिन्न कार्यक्रमहरू कार्यान्वयन गरिएबाट प्राथमिक तहको खुद भर्ना दर ९३.७ पुगेको छ । नेपालको अन्तरिम संविधान, २०६३ ले शिक्षालाई मौलिक हकका रूपमा स्वीकार गरिसकेको छ । सबैका लागि समान गुणस्तरको निःशुल्क र सर्वसुलभ आधारभूत शिक्षाको प्रत्याभूति गर्ने उद्देश्य त्रिवर्षीय अन्तरिम योजनाले लिएको छ । सबैका लागि शिक्षाको प्रतिबद्धतालाई थप प्रभावकारीरूपमा कार्यान्वयन गर्न र शिक्षालाई समावेशी बनाई सबैको पहुँच सुनिश्चित गर्न समग्र विद्यालय शिक्षाको पुनर्संरचना एवम् बालमैत्री विद्यालय वातावरणसहित विद्यालय क्षेत्र सुधार योजना (२००९-२०१५) कार्यान्वयन भइरहेको छ । नेपाल सरकारले यसै वर्षदेखि सार्वजनिक विद्यालयमा कक्षा ८ सम्म निःशुल्क शिक्षाको व्यवस्था गरेको छ । हरेक बालबालिकालाई आधारभूत तहको शैक्षिक अधिकारको प्रत्यभूतिका लागि महानगरपालिका, नगरपालिका र नगरपालिकाका सदरमुकामसँग जोडिएका गाउँ विकास समितिहरूसँगको सहकार्यमा अनिवार्य र निःशुल्क शिक्षासम्बन्धी कार्यक्रमहरू पनि यसै वर्षदेखि कार्यान्वयनमा ल्याइएका छन् । यति हुँदाहुँदै पनि प्राथमिक उमेर समूहका करिब ६% बालबालिकाहरू विद्यालयबाहिर रहेका र कक्षा १ मा भर्ना भएका ९.९% बालबालिकाले विद्यालय छोड्ने विद्यमान अवस्थामा विद्यालयबाहिर भएकालाई विद्यालयभित्र ल्याई तिनीहरूलाई वर्षभरि टिकाइराख्ने तथा गुणस्तरीय शिक्षा प्रदान गरी शैक्षिक उपलब्धि कायम गर्ने दायित्व हामी सबैको हुन आएको छ ।

विद्यालयबाहिर रहेकामा अपाङ्गता भएका बालबालिका, सडक बालबालिका, गरिबीको चपेटामा परेका, द्वन्द्वको मारमा परेका, बालमजदुर, अल्पसङ्ख्यक घुमन्ते परिवारका तथा तथा विभिन्न कठिन भूपरिवेशमा रहेका बालबालिकाहरू र विषेश गरी बालिकाहरू पर्छन् । विद्यालयमा बालमैत्री वातावरणयुक्त सिकाइको व्यवस्था गरी सबै बालबालिकाहरूलाई विद्यालयभित्र ल्याउन, टिकाइराख्न र गुणस्तरीय शिक्षा प्रदान गर्न "**हामी सबैको पहिलो प्राथमिकता, सबै बालबालिकालाई विद्यालय भर्ना र निःशुल्क शिक्षाको सुनिश्चितता**" भन्ने नाराका साथ "विद्यार्थी भर्ना अभियान तथा विद्यालय स्वागत कार्यक्रम" अभियानका रूपमा अघि सारिएको छ । विद्यालयबाहिर रहेका त्यस्ता समूहका बालबालिकाहरूलाई विद्यालयभित्र ल्याउनका लागि शिक्षा मन्त्रालय, शिक्षा विभागले विगत वर्षदेखि नै विद्यालय भर्ना अभियान सप्ताह मनाउँदै आएको छ । विद्यालय जाने उमेर समूहका प्रत्येक बालबालिकाहरूलाई विद्यालयभित्र ल्याउन, गुणस्तरीय शिक्षाको व्यवस्था गरी उनीहरूलाई विद्यालयमा टिकाई तह पूरा गराउने कार्यमा विद्यार्थी भर्ना अभियान केन्द्रित छ ।

अभियान सञ्चालनका क्रममा विगतका वर्षहरूमा सम्पन्न भएका कार्यक्रममा महिला तथा बालिकाहरूका लागि विकेन्द्रित कार्यक्रम (Decentrelized Action for Children and Women) (DACAW) लागू भएका जिल्लाहरूमा युनिसेफको सहयोगमा भएको विद्यालय स्वागत कार्यक्रम र बालबचाउ कोष जापान र नर्वे, प्लान इन्टरनेशनलले आ-आफ्ना कर्यक्षेत्रमा जिल्ला शिक्षा कार्यालयहरू र विद्यालयहरूसँग मिली गरिएको भर्ना अभियान प्रभावकारी भएको थियो । त्यसैगरी विगत वर्षहरूमा सबैका लागि शिक्षाको विश्वव्यापी अभियान मनाउने क्रममा युनेस्कोले गरेको समन्वय तथा शिक्षक युनियन, सिविन, कन्सर्न, ग्लोबल एक्सन, भि.एस.ओ. नेपाल र शिक्षा पत्रकार समूह तथा सम्बद्ध अन्य सबै सरोकारवालाहरूको प्रयासले सबैमा उत्साह थपको थियो । यस कार्यमा गा.वि.स., स्थानीय गैह्रसरकारी संस्था एवम् सामुदायिक संस्था/क्लब, विद्यालय व्यवस्थापन समिति, विद्यालय निरीक्षक, स्रोतव्यक्ति तथा जिल्ला शिक्षा कार्यालयहरूले आ-आफ्नो ठाउँमा सक्रियतापूर्वक काम गरेको अनुभव गरिएको थियो । शैक्षिक सत्र २०६१ देखि यस अभियानलाई निरन्तरता दिँदै शिक्षा मन्त्रालय, शिक्षा विभागले देशव्यापी रूपमा संयुक्त राष्ट्रसङ्घ सम्बद्ध निकायहरू, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ संस्थाहरू, स्थानीय निकाय, जनप्रतिनिधि तथा शिक्षा प्रेमीहरूको सहयोगमा आगामी शैक्षिक सत्र २०६७ का लागि पनि "विद्यार्थी भर्ना अभियान तथा विद्यालय स्वागत कार्यक्रम" लाई अभियानकै रूपमा सञ्चालन गर्ने उद्देश्य राखेको छ ।

यस अभियानलाई घरदैलो कार्यक्रमका रूपमा अभिभावकलाई जागरुक गराई राष्ट्रिय पर्वकै रूपमा मनाइने हुँदा विद्यालयबाहिर रहेका बालबालिकाहरूलाई विद्यालयमा भर्ना गराउने कार्य धेरै प्रभावकारी हुने अपेक्षा गरिएको छ । यस क्रममा आफ्ना बालबालिकाहरूलाई विद्यालयमा भर्ना गराउन अभिभावकहरूलाई भर्ना हुने दिनको जानकारी गराई आमन्त्रण गर्ने, विद्यालयमा रमणीय वातावरण बनाउने, विभिन्न किसिमका व्यानरहरू राख्ने, लोकगीत तथा तत्सम्बन्धी विषयका अन्य प्रदर्शनात्मक तथा प्रतियोगितात्मक कार्यक्रमहरू सञ्चालन गर्ने, अभिभावक भेला, प्रवचन आदि विभिन्न जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

**सिकिएका पाठहरू :**

१. सबै सरोकारवालाहरूको सहकार्यमा कार्यक्रम सञ्चालन गर्दा कार्यक्रम प्रभावकारी भएको,

२. भर्ना अभियानबाट विद्यार्थी सङ्ख्यामा उल्लेख्यरूपमा वृद्धि भएकाले भर्ना भएका विद्यार्थीको व्यवस्थापनका लागि थप शिक्षक, कक्षाकोठा, शैक्षिक सामग्री आवश्यक देखिएको,

३. नियमितता र गुणस्तरका लागि थप कार्यक्रम बनाई प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक देखिएको,

४. जिल्लाहरूले बालबालिका विद्यालयमा भर्ना नभएको क्षेत्र र भर्नाको लक्ष्य तोकी कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिएको,

५. जिल्ला तथा केन्द्रले पनि भर्ना कार्यक्रमबाट विद्यालय भर्ना वृद्धि हुनसक्ने जिल्ला तथा विद्यालयहरूको पहिचान गरी तिनीहरूका लागि आवश्यक भौतिक तथा मानवीय स्रोतको व्यवस्था गर्नुपर्ने पनि देखिएको ।

**कार्ययोजना**

- यस अभियान कार्यक्रमअन्तर्गत विद्यालयको सामाजिक नक्शाङ्कन गरी विद्यालयबाहिर रहेका बालबालिका, सडक बालबालिका, अपाङ्गता भएका बालबालिका, दृष्टिविहीन र न्यून दृष्टि भएका बालबालिका, कम्लहरी, एच. आइ. भी. एड्सबाट पीडित बालबालिका, श्रमिक बालबालिका, कामका लागि बसाइ सरिरहने घुमन्ते परिवारका बालबालिका तथा घरेलु कामदारकारूपमा रहेका बालबालिका एवम् आर्थिक तथा सामाजिक कारणबाट विद्यालय जानबाट वञ्चित बालबालिकाहरूको तथ्याङक सङ्कलन गर्ने व्यवस्था गर्ने,
- हरेक विद्यालयले सेवाक्षेत्रभित्रका विद्यालय भर्ना भएका र नभएका बालबालिकाहरूको खण्डीकृत तथ्याङ्क विद्यालयको सूचना पाटीमा टाँस्ने व्यवस्था मिलाउने,
- सङ्कलित तथ्याङ्कका आधारमा विद्यालयमा भर्ना नभएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना गरी पाठ्यपुस्तक र छात्रवृत्ति वितरण गर्ने व्यवस्था मिलाउने,
- यससम्बन्धी जनचेतना अभिवृद्धि गर्न (अभिभावक, राजनीतिक दल, शिक्षक विद्यार्थी, पत्रकार, गैह्रसरकारी संस्थाका प्रतिनिधि एवम् नागरिक समाज लगायत सम्बन्धित सबै सरोकारवालाहरूसँग अन्तरक्रिया र छलफल गर्ने,
- स्थानीय सञ्चार माध्यम-पत्रपत्रिका, एफ्.एम्. आदिबाट प्रचारप्रसार गर्ने,
- शिक्षा क्षेत्रसँग सम्बन्धित विभिन्न सरोकारवालाहरूलाई समावेश गरी एउटा सञ्जाल बनाउने,
- बालबालिकाहरूको व्यक्तिगत विवरणसहितको विद्यार्थी भर्ना फाराम भरी विद्यालयको अभिलेख तयार गर्ने । यस प्रयोजनका लागि कर्णाली अञ्चलका हकमा फागुन २ गतेदेखि १३ गतेसम्मलाई विद्यालयमा आएका विद्यार्थीलाई भर्ना गर्ने र फागुन १४ गतेदेखि ३० गतेसम्म गाउँटोलमा रहेका तर विद्यालयमा नआएका बालबालिकालाई घरमै गई विद्यालयमा ल्याई भर्ना फाराम भरेर भर्ना गर्ने र अन्य जिल्लाका हकमा वैशाख २ गतेदेखि १३ गते सम्मलाई विद्यालयमा आएका विद्यार्थीलाई भर्ना गर्ने दिन र बैशाख १४ गतेदेखि ३० गतेसम्म गाउँटोलमा रहेका तर विद्यालय नआएका बालबालिकालाई घरमै गई विद्यालयमा ल्याई भर्ना फाराम भरेर भर्ना गर्ने दिनका रूपमा उपयोग गर्ने । (यस कार्यका लागि विशेषत शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू र विद्यालयसँग समन्वय गरी अभियानका सदस्यहरू, गैह्रसरकारी संस्थाहरू, समुदायमा आधारित संस्थाहरू तथा शिक्षाप्रेमीहरू, पत्रकार तथा स्थानीय बुद्धिजीवीहरूसमेतको सक्रिय सहभागिता जुटाउने व्यवस्था मिलाउने)
- शैक्षिक सत्र २०६५ मा कक्षा १, २, ३ र ४ मा भर्ना भएका सम्पूर्ण विद्यार्थीहरूलाई पाठयक्रम विकास केन्द्रले तोकेअनुसार विशेष अभिमुखीकरणका साथ निरन्तर

मूल्याङ्कनको प्रक्रिया अपनाई उदारकक्षोन्नति नीति कार्यान्वयन गर्ने व्यवस्था मिलाउने,

- शैक्षिक सत्र. २०६७ को कार्यक्रम सञ्चालन गर्दा पहुँच, शिक्षणसिकाइमा निरन्तरता तथा गुणस्तरीयतालाई दृष्टिगत गरी तथ्याङ्कीय सूचनाका आधारमा स्रोतकेन्द्र/न.पा., गा.वि.स., वडा र विद्यालयलाई पहिचान गरी कार्यक्रमहरू सञ्चालन गर्ने ।

२. **उद्देश्य**

- विद्यालयमा बालबालिका भर्ना नभएको क्षेत्र तथा घरपरिवार पत्ता लगाई त्यस्ता क्षेत्रका बालबालिकाहरूलाई विद्यालयमा भर्ना गराउने र बालकेन्द्रित शिक्षणसिकाइमा निरन्तरता दिने,
- प्राथमिक शिक्षाका लागि उमेर नपुगेका बालबालिकाहरूलाई बालविकास कार्यक्रममा र कक्षागत उमेर नमिलेका बालबालिकाहरूलाई वैकल्पिक कक्षामा भर्ना गरी तोकिएको उपलब्धिस्तर पूरा गराई उमेरअनुसारको कक्षामा भर्ना गराउने ।

३. **कार्यक्रम सञ्चालनका कार्यनीति**

विगत वर्षहरूमा सञ्चालित विद्यार्थी भर्ना अभियान कार्यक्रमको सफलता र सिकाइलाई विचार गरी शैक्षिक सत्र २०६७ को विद्यार्थी भर्ना अभियानलाई गतवर्षहरूमा भइराखेका नियमित कार्यक्रमहरू अफ जिम्मेवारीकासाथ अघि बढाउने व्यवस्था मिलाउन देहायवमोजिमका कार्यनीति अघि बढाइने छन् :

(क) प्रारम्भिक बालविकास केन्द्र र विद्यालयहरूले गत वर्षहरूमा जस्तै यस वर्ष पनि २०६७ वैशाख २ गतेदेखि १३ गतेसम्म भर्ना हुन आउने विद्यार्थीहरूलाई नियमित रूपमा भर्ना गर्ने,

(ख) प्रधानाध्यापक, शिक्षक र विद्यालय व्यवस्थापन समिति तथा अभिभावक शिक्षक सङ्घले स्थानीय समूह, सङ्घसंस्था र अभिभावक परिचालन गरी वैशाख १३ गतेसम्म विद्यालयमा भर्ना हुन नआएका आफ्ना सेवा क्षेत्रभित्रका बालबालिकाहरूको घरमै गई भर्ना फाराम भरी वैशाख १४ गतेदेखि ३० गतेसम्म भर्ना गराउने,

(ग) भर्ना अभियानबाट विद्यालय शिक्षाको मूलधारमा समावेश भएका बालबालिकाहरूलाई टिकाइराख्न र गुणात्मक शिक्षाका लागि विद्यालयले आन्तरिक सुधार, अभिभावक अन्तरक्रिया, निरन्तर रूपमा उपलब्धि परीक्षालगायतका शैक्षिक गुणस्तर वृद्धिसम्बन्धी थप कार्यक्रमहरू जिल्ला शिक्षा कार्यालय तथा अन्य सङ्घसंस्था र स्थानीय निकायसँग समन्वय गरी सञ्चालन गर्ने,

(घ) यस वर्षको भर्ना अभियानमा विशेष अभिमुखीकरणका साथ निरन्तर मूल्याङ्कन तथा उदार कक्षोन्नति कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाउने, यसको

कार्यान्वयनका लागि जिल्ला शिक्षा कार्यालयले विद्यालय निरीक्षक, स्रोतव्यक्ति तथा प्रधानाध्यापकसमेतलाई विशेष रूपमा परिचालन गर्ने गराउने,

(ङ) यस वर्ष २०६७ को भर्ना अभियान ७५ ओटै जिल्लामा सञ्चालन गरिने र तल बुँदा नं ४ मा उल्लिखित जिल्लाहरूमा सघन रूपमा सञ्चालन गर्ने,

(च) भर्ना अभियानलाई सघन बनाउन सञ्चारमाध्यमहरू, राजनीतिक दल, गैह्रसरकारी एवम् सहकारी सङ्घसंस्थाहरू, बाल क्लब तथा नागरिक समाजसँग निकट रही सहकार्य गर्ने,

(छ) शतप्रतिशत बालबालिकालाई विद्यालयमा भर्ना गराउने गा.वि.स./न.पा., विद्यालय र सो कार्यमा सहयोग गर्ने सञ्चारमाध्यम तथा नागरिक समाजलाई विभिन्न तहमा सम्मान गर्ने व्यवस्था मिलाई प्रचार-प्रसार गर्ने र त्यस्ता विद्यालय तथा गा.वि.स.को प्रगति विवरणसहित थप पुरष्कृत गर्न शिक्षा विभागमा लेखी पठाउने,

(ज) भर्ना अभियानसम्बन्धी सुझाव, गुनासा, प्रतिक्रिया आदि सुन्न र सोका आधारमा आवश्यक व्यवस्था मिलाउन शिक्षा विभागमा जिम्मेवार अधिकृतसहितको एउटा डेस्क राख्ने,

(झ) शिक्षामा काम गर्ने साझेदार संस्थाहरू-संयुक्त राष्ट्र सङ्घसम्बद्ध निकाय तथा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्थाहरूले आ-आफ्ना कार्यक्षेत्रमा भर्ना अभियानका उल्लिखित कार्यनीति कार्यान्वयन गर्न कार्यक्रम सुरु भएदेखि शैक्षिक सत्र २०६७ भरी नै विद्यालय र जिल्ला शिक्षा कार्यालयहरूलाई सहयोग र सहजीकरण गर्ने व्यवस्था मिलाउने ।

## ४. कार्यक्रम सञ्चालन प्रक्रिया

(क) राष्ट्रिय औषतभन्दा खुद भर्ना दर कम भएका १६ जिल्लाहरू सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, कैलाली, कञ्चनपुर, मनाङ, मुस्ताङ, तनहुँ कपिलवस्तु, रोल्पा, बर्दिया  तथा कर्णाली अञ्चलका जिल्लाहरूको खुद भर्ना दर वृद्धि गर्न सघनरूपमा कार्यक्रम सञ्चालन गर्ने साथै अन्य जिल्लाहरूमा खुद भर्ना दर कम भएका क्षेत्रहरू पहिचान गरी सो क्षेत्रमा सघनरूपमा कार्यक्रम सञ्चालन गर्ने,

(ख) जिल्ला तथा केन्द्रले पनि यस कार्यक्रमबाट भर्ना बृद्धि हुनसक्ने जिल्ला तथा विद्यालयहरूको पहिचान गरी तिनीहरूका लागि आवश्यक भौतिक तथा मानवीय स्रोतको व्यवस्था गर्ने, र

(ग) विद्यालयले आ-आफ्नो सेवा क्षेत्रमा खुद भर्ना दर शतप्रतिशत पुगेको भए सोको सार्वजनिक  घोषणा गर्ने ।

## ५. कार्यक्रमका चरणहरू

यस कार्यक्रमलाई सफलतापूर्वक सञ्चालन गर्नका लागि निम्नानुसारका ३ चरणमा विभिन्न क्रियाकलापहरू गर्ने व्यवस्था मिलाइएको छ :

**५.१ अभियान पूर्व तयारी चरण**

- अवधारणपत्र तयारी,
- समितिहरूको गठन,
- सामग्रीहरूको विकास,
- उपसमितिहरूको गठन, कार्य विभाजन र जिम्मेवारी किटान, र
- अभिमुखीकरण, तालिम एवम् प्रचारप्रसार ।

**५.२ कार्यावन्यन चरण**

- विद्यालयमा बालमैत्री वातावरणको सिर्जना,
- बालरोचक कक्षाकोठा व्यवस्थापन,
- बालमैत्री शिक्षक व्यवहार अवलम्बन,
- पाठ्यपुस्तक तथा पाठ्यसामग्री वितरण,
- छात्रवृत्तिलगायतका सम्भाव्य प्रोत्साहन सुविधाहरू वितरण,
- कार्यान्वयनका सबै पक्षको रेखदेख तथा अनुगमन, र
- शिक्षक सहयोगसम्बन्धी तालिम, अभिमुखीकरण, गोष्ठी सेमिनार सञ्चालन गर्ने गराउने ।

**५.३ मूल्याङ्कन एवम् पृष्ठपोषण चरण**

- समग्र अभियानको प्रभावको लेखाजोखा,
- पृष्ठपोषण,
- सिकिएका पाठहरू र भविष्यको कार्ययोजना ।

**६. समितिहरूको व्यवस्था**

**६.१. 'विद्यार्थी भर्ना अभियान तथा विद्यालय स्वागत कार्यक्रम' केन्द्रीयस्तर मूल समितिः**

उल्लिखित चरणमा निर्धारित उद्देश्य परिपूर्तिका लागि विद्यार्थी भर्ना अभियान कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्न केन्द्रीयस्तरमा शिक्षा मन्त्रालयका सचिवज्यूको संयोजकत्वमा निम्नलिखित महानुभावहरू रहनुभएको मूल समिति गठन गरिनेछ :

| | | |
|---|---|---|
| क) | सचिव, शिक्षा मन्त्रालय | संयोजक |
| ख) | प्रतिनिधि सहसचिव, स्थानीय विकास मन्त्रालय | सदस्य |

| | | |
|---|---|---|
| ग) | प्रतिनिधि सहसचिव, स्वास्थ्य मन्त्रालय | सदस्य |
| घ) | प्रतिनिधि सहसचिव, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय | सदस्य |
| ङ) | प्रतिनिधि सहसचिव, गृह मन्त्रालय | सदस्य |
| च) | प्रतिनिधि सहसचिव, सूचना तथा सञ्चार मन्त्रालय | सदस्य |
| छ) | सह-सचिवहरू, शिक्षा मन्त्रालय | सदस्य |
| ज) | कार्यकारी निर्देशक, पाठ्यक्रम विकास केन्द्र | सदस्य |
| झ) | कार्यकारी निर्देशक, शैक्षिक जनशक्ति विकास केन्द्र | सदस्य |
| ञ) | निर्देशक, अनौपचारिक शिक्षा केन्द्र | सदस्य |
| ट) | निर्देशकहरू, शिक्षा विभाग | सदस्य |
| ठ) | कार्यकारी निर्देशक, शैक्षिक अनुसन्धान तथा विकास केन्द्र (सेरिड) | सदस्य |
| ड) | निर्देशक, शिक्षाका लागि खाद्य कार्यक्रम | सदस्य |
| ढ) | निर्देशक, क्षे.शि.नि.मध्यमाञ्चल | सदस्य |
| ण) | प्रबन्ध सञ्चालक, जनक शिक्षा सामग्री केन्द्र | सदस्य |
| त) | महाप्रबन्धक, साझा प्रकाशन | सदस्य |
| थ) | प्रतिनिधि, शिक्षक युनियन | सदस्य |
| द) | प्रतिनिधि, सामुदायिक विद्यालय राष्ट्रिय नेटवर्क | सदस्य |
| ध) | प्रतिनिधि, युनेस्को (UNESCO) | सदस्य |
| न) | प्रतिनिधि, युनिसेफ (UNICEF) | सदस्य |
| प) | प्रतिनिधि विश्व खाद्य कार्यक्रम | सदस्य |
| फ) | प्रतिनिधि, बाल वचाउ कोष संयुक्त (Save the Children Allainces) | सदस्य |
| ब) | प्रतिनिधि विश्व शिक्षा | सदस्य |
| भ) | प्रतिनिधि, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट ५ जना | सदस्य |
| म) | प्रतिनिधि, दातृ समुदाय सम्पर्क बिन्दु (Donor Focal Point) | सदस्य |
| य) | प्रतिनिधि, नेपाल पत्रकार महासङ्घ | सदस्य |
| र) | प्रतिनिधि, शिक्षा पत्रकार समूह | सदस्य |
| ल) | प्रतिनिधि, रेडियो नेपाल | सदस्य |
| व) | प्रतिनिधि, नेपाल टेलिभिजन | सदस्य |
| श) | प्रतिनिधि, अपाङ्ग महासङ्घ | सदस्य |

| | | |
|---|---|---|
| ष) | प्रतिनिधि, राष्ट्रिय दलित आयोग | सदस्य |
| स) | प्रतिनिधि, राष्ट्रिय जनजाति महासङ्घ | सदस्य |
| ह) | प्रतिनिधि, जिल्ला विकास समिति महासङ्घ | सदस्य |
| क्ष) | प्रतिनिधि, गाउँ विकास समिति महासङ्घ, प्रतिनिधि नगरपालिका महासङ्घ-२ | सदस्य |
| त्र) | प्रतिनिधि, प्याब्सन र प्रतिनिधि एन प्याब्सन - २ | सदस्य |
| ज्ञ) | महानिर्देशक, शिक्षा विभाग | सदस्य-सचिव |

(ललितपुर, भक्तपुर र काठमाडौँका जिल्ला शिक्षा कार्यालयहरू आमन्त्रित सदस्यका रूपमा रहनेछन् र आवश्यकतानुसार अन्य महानुभावहरूलाई समेत आमन्त्रण गर्न सकिनेछ ।)

**मूलसमितिको कार्यहरू निम्नानुसार हुनेछन् :**

(क) विद्यार्थी भर्ना एवम् विद्यालय स्वागत कार्यक्रमका सम्बन्धमा सम्बन्धित मन्त्रालय तथा केन्द्रीय निकायहरूबीच समन्वय गर्ने,

(ख) कार्यक्रम सम्बन्धमा मातहतका निकायलाई आवश्यक निर्देशन प्रदान गर्ने, र

(ग) कार्यक्रमका सम्बन्धमा सम्पादित कार्यहरूको अनुगमन गर्ने ।

**६.२. विद्यार्थी भर्ना अभियान तथा विद्यालय स्वागत कार्यक्रम कार्यान्वयन समितिः**

विद्यार्थी भर्ना अभियानसम्बन्धी नियमित तथा आकस्मिक कार्यहरूको व्यवस्था गर्न शिक्षा विभागमा एक विद्यार्थी भर्ना एवम् विद्यालय स्वागत कार्यक्रम कार्यान्वयन समिति रहनेछ । उक्त समितिमा देहायबमोजिमका सदस्यहरू हुनेछन् :

| | | |
|---|---|---|
| क) | महानिर्देशक, शिक्षा विभाग | संयोजक |
| ख) | निर्देशकहरू, शिक्षा विभाग | सदस्य |
| ग) | उपनिर्देशक, भौतिक सेवा शाखा, शिक्षा विभाग | सदस्य |
| घ) | उपनिर्देशक, समाहित शिक्षा शाखा, शिक्षा विभाग | सदस्य |
| ङ) | उपनिर्देशक, कार्यक्रम तथा बजेट शाखा, शिक्षा विभाग | सदस्य |
| च) | उपनिर्देशक, अनुगमन तथा निरीक्षण शाखा शिक्षा विभाग | सदस्य |
| छ) | उपनिर्देशक, अनुसन्धान तथा शैक्षिक सूचना व्यवस्थापन शाखा, शिक्षा विभाग | सदस्य |
| ज) | प्रमुख लेखा नियन्त्रक, आर्थिक प्रशासन शाखा | सदस्य |
| झ) | प्रतिनिधि, सबैका लागि शिक्षाको राष्ट्रिय अभियान सञ्जालका सदस्यहरू | आमन्त्रित सदस्य |
| ञ) | उपनिर्देशक, लैङ्गिक सम विकास शाखा, शिक्षा विभाग | सदस्य-सचिव |

**यस समितिले देहायबमोजिमका कार्यहरू गर्नेछ :**

(क) क्षेत्र तथा जिल्लाका प्रमुख प्रशिक्षकहरूलाई कार्यक्रम सम्बन्धमा अभिमुखीकरण गर्ने,

(ख) भर्ना अभियानका सम्बन्धमा आवश्यक सामग्रीको सूची तयार गर्ने,

(ग) हालसम्म शिक्षा मन्त्रालयअर्न्तगतका निकायहरू र विभिन्न साझेदार संस्थाहरूसँग समन्वय गरी तयार भएका सामग्रीहरूको सूची बनाई खण्ड 'ख' को सूचीअनुसार नपुग सामग्रीहरू तयार गर्ने व्यवस्था मिलाउने,

(घ) विभिन्न साझेदारहरूसमेतको सहयोग लिई आम सञ्चारका साधनहरू (रेडियो, टेलिभिजन, छापा एवम् अन्य विभिन्न सञ्चारका माध्यम)बाट कार्यक्रमका सम्बन्धमा प्रचारप्रसारको व्यवस्था मिलाउने,

(ङ) विद्यार्थी भर्ना तथा विद्यालय स्वागत अभियानको बारेमा क्षेत्र, जिल्ला, स्रोतकेन्द्र, गा.वि.स. तथा विद्यालय तहसम्मको भूमिका र कार्यतालिका तयार गरी समयमै जानकारी गराउने र

(च) सञ्चालित कार्यक्रमहरूको अनुगमनको व्यवस्था मिलाउने ।

**यस समितिले आवश्यकतानुसार उपसमितिहरू गठन गर्न सक्नेछ ।**

**६.३. "विद्यार्थी भर्ना अभियान तथा विद्यालय स्वागत कार्यक्रम' क्षेत्रीय समिति**

६.३.१. हरेक क्षेत्रीय शिक्षा निर्देशनालयले आफ्नो क्षेत्रभित्रको विद्यार्थी भर्ना अभियान एवम् विद्यालय स्वागत कार्यक्रम व्यवस्थापनका लागि सम्बन्धित निर्देशकको संयोजकत्वमा क्षेत्रीयस्तरका शिक्षासँग सम्बन्धित निकाय, सङ्घ संस्था एवम् पत्रकारहरूसमेतको प्रतिनिधित्व रहेको एक समिति गठन गर्ने । सो समितिमा क्षेत्रीय शिक्षा निर्देशनालयका एक जना अधिकृतलाई सदस्य सचिवको कार्य गर्ने जिम्मा दिने । यस समितिले आ-आफ्नो क्षेत्रभित्र विद्यार्थी भर्ना अभियान कार्यक्रम सञ्चालनमा समन्वय गरी प्रचार-प्रसार तथा प्रबोधीकरणको कार्य गर्नुपर्ने छ,

६.३.२. क्षेत्रले जिल्ला छनोट गर्दा प्राथमिक तहमा छात्रा, दलित र पिछडिएका समूहको सरदर तथा खुद भर्ना दर कम भएका जिल्लाहरू पहिचान गरी कार्यक्रमलाई प्राथमिकता दिने,

६.३.३. माथि उल्लिखित विद्यार्थीहरूको खुद भर्ना दर राष्ट्रिय औषत वा सोभन्दा बढी भएका जिल्लाहरूमा निरन्तरता र गुणस्तरीयतामा प्राथमिकता दिई कार्यक्रम सञ्चालन गर्ने,

**६.४. "विद्यार्थी भर्ना अभियान तथा विद्यालय स्वागत कार्यक्रम' जिल्ला समिति**

६.४.१. प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला शिक्षा अधिकारी सदस्य सचिव र स्थानीय विकास अधिकारी तथा संयोजकले तोकेका शिक्षा क्षेत्रमा काम गरेका सम्बन्धित निकाय एवम् अन्य सङ्घ संस्थाहरू सदस्य रहेको एक जिल्ला विद्यार्थी भर्ना अभियान एवम् विद्यालय स्वागत कार्यक्रम व्यवस्थापन समिति गठन हुनेछ ।

**यस समितिले देहायबमोजिमका कार्यहरू गर्नेछ :**

(क) भर्ना अभियानलाई सफल पार्न एक जना अधिकृतस्तरको कर्मचारीलाई सम्पर्क व्यक्ति (Focal person) छनोट गर्ने र सो मार्फत् सामग्री वितरण एवम् अन्य कार्यको संयोजन गर्ने,

(ख) विद्यालयहरूले वैकल्पिक शैक्षिक कार्यक्रममा भर्ना भएका विद्यार्थीहरूलाई पाठ्यक्रमबाट निर्धारण गरिएको उपलब्धिस्तर प्राप्त गर्न सक्षम बनाउनका लागि दिउँसो विद्यालय सञ्चालन हुने समयमा उमेर र विद्यार्थीको क्षमताअनुसार उपयुक्त देखिएको नियमित कक्षामा नै राखी अध्यापन गराउने र बिहान बेलुका तथा बिदाका दिन जस्ता अतिरिक्त समयमा विशेष लक्षित अध्यापन (ट्युशन, कोचिङ) को कार्यक्रम सञ्चालन गरेर सम्भव भएसम्म छिटो प्राथमिक तहको पाठ्यक्रम पूरा गराउने व्यवस्था मिलाउने,

(ग) जिल्लाभित्रको विद्यार्थी भर्ना अभियान कार्यक्रम तयार गरी नगरपालिका/गा.वि.स. र विद्यालयहरूलाई जानकारी गराउने,

(घ) विद्यार्थी भर्ना अभियान तथा विद्यालय स्वागत कार्यक्रमबाट आउने विभिन्न उमेर समूहका विद्यार्थीका लागि पूर्वप्राथमिक/प्राथमिक शिक्षा विस्तार कार्यक्रम/अनौपचारिक प्राथमिक शिक्षा जस्ता विभिन्न वैकल्पिक किसिमका शिक्षा कार्यक्रमको व्यवस्था गर्ने,

(ङ) स्रोतकेन्द्र, न.पा. र गा.वि.स., समुदाय तथा विद्यालय तहमा कार्यक्रम सञ्चालनका लागि आवश्यक सामग्री तथा प्राविधिक सहयोग उपलब्ध गराउने,

(च) विद्यालय, गा.वि.स./नगरपालिका तथा स्रोतकेन्द्रस्तरका समितिहरूलाई अभियानका क्रियाकलापहरूमा सक्रिय बनाउने,

(छ) शिक्षासँग सम्बद्ध निकाय तथा गैरसरकारी सङ्घ संस्थाहरूबीच समन्वय गरी सबैको सहभागितामा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने,

(ज) कार्यक्रमको अभिमुखीकरण, प्रचारप्रसार तथा प्रबोधीकरण गर्ने,

(झ) जिल्लाअर्न्तगत सञ्चालित कार्यक्रमहरूको अनुगमन गर्ने,

(ञ) समयमा नै पाठ्यपुस्तक, छात्रवृत्ति तथा अभियान प्रचार प्रसार सामग्री विद्यालय तहसम्म पुऱ्याउन आवश्यक व्यवस्था मिलाउने र

(ट) जिल्लाभित्र शिक्षा क्षेत्रमा कार्यरत विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा समुदायमा आधारित गैह्रसरकारी सङ्घ संस्थाहरूसँग समन्वय गरी दोहोरोपन नपर्ने गरी कार्यक्रमको सञ्चालन र कार्यान्वयन गर्ने ।

## ६.५. “विद्यार्थी भर्ना अभियान तथा विद्यालय स्वागत कार्यक्रम’ स्रोतकेन्द्रस्तरीय समिति

प्रत्येक स्रोतकेन्द्रमा सम्बन्धित विद्यालय निरीक्षक/स्रोतव्यक्तिको संयोजकत्वमा गा.वि.स. र नगरपालिकाका प्रतिनिधिका साथै स्रोतकेन्द्रअन्तर्गतका सबै विद्यालयहरूका प्रधानाध्यापक रहेको एक समिति गठन गरिनेछ ।

**यस समितिले देहाबमोजिमका कार्यहरू गर्नुपर्नेछ :**

(क) कुनै पनि घरधुरी नछुट्ने र नदोहोरिने गरी प्रत्येक विद्यालयले अभियान सञ्चालन गर्नु पर्ने सेवा क्षेत्र निर्धारण गर्ने यसका लागि :

- (अ) कुनै एउटा वडामा एकभन्दा बढी विद्यालय भएमा प्रस्ट देखिने सीमानाका आधारमा विद्यालयहरूको सेवा क्षेत्र छुट्याई सम्बन्धित विद्यालयहरूलाई जिम्मा दिने,
- (आ) कुनै वडामा एउटैमात्र विद्यालय भएमा सो वडामा अभियानसम्बन्धी सम्पूर्ण कार्य सो विद्यालयलाई जिम्मा दिने,
- (इ) कुनै वडामा एउटा पनि विद्यालय नभएमा नजिकको विद्यालयलाई पूरै वडाको अभियान सञ्चालनको जिम्मा दिने, र
- (ई) प्रत्येक विद्यालयलाई आ-आफ्नो क्षेत्रको सामुदायिक नक्साङ्कन निर्माण गर्न लगाई सेवाक्षेत्रभित्रका विद्यालय गएका र नगएका विद्यार्थीहरूको अभिलेख अद्यावधिक गर्ने कार्यका लागि पारदर्शिता गराई जिम्मेवारी लिन लगाउने ।

(ख) विद्यालय स्वागत तथा भर्ना अभियान कार्यक्रम सञ्चालन गर्नु पूर्व स्रोतकेन्द्र, (गा.वि.स./न.पा) अभियान समितिको बैठक बसाली कुन-कुन समयमा कस्ता-कस्ता क्रियाकलापहरू सञ्चालन गर्नेभन्ने बारे निर्णय लिने,

(ग) स्रोतकेन्द्रभित्र विद्यार्थी भर्ना अभियान तथा विद्यालय स्वागत कार्यक्रम आवश्यक हुने क्षेत्र (गा.वि.स, वडा) पहिचान गर्ने र समता, निरन्तरता एवम् गुणस्तरीयताका कार्यक्रमहरूमध्ये आवश्यक कार्यक्रम पहिचान गरी सञ्चालन गर्ने,

(घ) विद्यालयले अभियानका क्रममा गर्नुपर्ने कार्यहरूका बारेमा अभिमुखीकरण गर्ने,

(ङ) जिल्लाबाट प्राप्त स्रोतसामग्री र जानकारीहरू विद्यालयमा प्रवाहित गर्ने,

(च) विद्यालय स्वागत अभियान कार्यक्रम पूर्व गरिने क्रियाकलापहरू तथा कार्यक्रमहरूको समय तालिका तयार गरी सोअनुसार कार्यक्रम सञ्चालन गर्ने,

(छ) आमा समूह, बालक्लव, स्थानीय गैरसरकारी सङ्घ संस्था एवम् पत्रकारहरूलाई सक्रिय बनाई उनीहरूबाट यस अभियान कार्यक्रममा सहयोग लिने, र

(ज) पाठ्यपुस्तक, छात्रवृत्ति तथा अन्य सामग्रीको व्यवस्था गर्ने ।

## ६.६ विद्यार्थी भर्ना अभियान तथा विद्यालय स्वागत कार्यक्रम विद्यालयस्तरीय समिति

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा विद्यालयका प्रधानाध्यापकको संयोजकत्वमा शिक्षक, विद्यार्थी, अभिभावक शिक्षक सङ्घ, शिक्षाप्रेमी, नागरिक समाज तथा स्थानीय गैह्रसरकारी संस्था/क्लव, पत्रकार, महिला, दलित जस्ता विभिन्न समूहहरूको प्रतिनिधित्व गराई विद्यालय तहमा विद्यार्थी भर्ना अभियान तथा विद्यालय स्वागत कार्यक्रम समिति गठन गरिनेछ ।

**यस समितिले देहायबमोजिमका कार्यहरू गर्नेछ :**

### ६.६.१ अभियानपूर्व चरणः

(क) आफ्नो विद्यालय सेवाक्षेत्रका विद्यालय जाने विभिन्न उमेरका बालबालिकाहरूको सर्भे, तथ्याङ्क सङ्कलन र समीक्षा,

(ख) विद्यार्थी भर्ना हुनसक्ने क्षमताको अध्ययन र समुदायमा तोकिएकोभन्दा कम र बढी उमेरका विद्यार्थीहरूका लागि औचित्यपूर्ण वैकल्पिक शैक्षिक कार्यक्रमको व्यवस्था गर्ने र शिक्षामा समता, निरन्तरता एवम् गुणस्तरीयताका कार्यक्रमहरूमध्ये आवश्यक कार्यक्रम पहिचान गरी सञ्चालन गर्ने,

(ग) समुदायमा आधारित विभिन्न संस्थाहरूको पहिचान समन्वय र साझेदारी,

(घ) कार्यक्रमबारे प्रचारप्रसार तथा अभिमुखीकरण,

(ङ) घरदैलो कार्यक्रम,

(च) लोकगीत तथा नृत्य कार्यक्रम,

(ज) उपलब्ध गराइने शैक्षिक सेवा र सुविधाको प्रचारप्रसार,

(झ) शैक्षिक सामग्री तथा फर्निचरहरूको व्यवस्था,

(ञ) पाठ्यपुस्तक तथा पाठ्यसामग्रीको व्यवस्था,

(ट) अभिभावकलाई निमन्त्रणा-पत्र पठाउने कार्य,

(घरदैलो कार्यक्रममा कक्षा ८ र सोभन्दा माथिका र बालक्लवमा सम्मिलित विद्यार्थीहरूलाई मात्र प्रयोग गर्ने ।)

(ठ) समुदायमा आधारित विभिन्न संस्थाहरूको पहिचान, समन्वय र साझेदारी गर्ने, र

(ड) विद्यालय सेवाक्षेत्रको नक्साङ्कन बमोजिम प्रत्येक समुदायका अभिभावकको भेला ।

### ६.६.२ अभियान कार्यान्वयन चरण :

यस कार्यक्रमको कार्यान्वयन २०६७ साल बैशाख २ गतेदेखि १३ गतेसम्म विद्यालय तहमा र बैशाख १५ गतेदेखि ३० गतेसम्म विद्यालयमा भर्ना हुन नआउने विद्यार्थीहरूलाई घरघरमै गई

सङ्कलन गर्ने हिसाबले समुदायस्तरमा सञ्चालन गरिनेछ । सोका लागि निम्नलिखित कार्यहरू गरिनेछन् :

(क) विद्यालय कक्षाकोठालाई बालमैत्रीपूर्ण बनाउने,

(ख) शैक्षिक सामग्री तथा फर्निचरहरूको प्रयोग,

(ग) भर्ना भएका विद्यार्थीहरूको अभिलेख राख्ने,

(घ) विद्यार्थीमा सकारात्मक प्रभाव पार्ने मनोवैज्ञानिक व्यवहार प्रदर्शन गर्ने,

(ङ) समुदाय, शिक्षक, विद्यार्थी तथा अन्य स्वयंसेवकहरूको परिचालन,

(च) विभिन्न किसिमका शैक्षिक सुविधाहरूको वितरणको व्यवस्था,

(छ) बालकेन्द्रित शिक्षण विधिको प्रयोग,

(ज) विद्यालयमा महिला शिक्षकको व्यवस्था,

(झ) स्थानीय भाषाको ज्ञान भएका शिक्षकको व्यवस्था,

(ञ) क्रियाकलाप केन्द्रित विधिको प्रयोग,

(ट) विद्यार्थी सङ्ख्याको आधारमा थप शिक्षक, कक्षाकोठा तथा फर्निचरको व्यवस्था स्थानीय निकायसँगको सहकार्यमा गर्ने,

(ठ) विद्यार्थी परिचय पत्रको व्यवस्था गर्ने,

(ड) कमजोर आय भएका परिवारबाट आएका बालबालिकाहरूका लागि पोसाकको व्यवस्था स्थानीय निकायसँगको सहकार्यमा गर्ने,

(ढ) घरदैलो कार्यक्रम सञ्चालन गर्ने,

(ण) लोकगीत, सडक नाटक तथा नृत्य कार्यक्रम आयोजना गर्ने,

(त) उपलब्ध गराइने शैक्षिक सेवा र सुविधाको प्रचारप्रसार गर्ने,

(थ) बालक्लबहरू गठन गरी विभिन्न कार्यमा अग्रसर गराउने व्यवस्था मिलाउने,

(द) निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने व्यवस्था र

(ध) विद्यालयले आवश्यक ठानेका अन्य कार्यहरू गर्ने ।

**६.६.३ अभियान पश्चातका चरण :**

(क) यस चरणमा अनुगमन गरी जिल्ला शिक्षा कार्यालयबाट प्राप्त रुजूसूचीका आधारमा अभियानको समीक्षा गर्ने,

(ख) अभियान सम्पन्न भएपछि प्रतिवेदन तयारी सम्बन्धित निकायहरूमा पठाउने,

(ग) भर्ना भएका विद्यार्थीहरूको उमेरगत र तहगत विवरण तयार गरेर एकप्रति विद्यालयमा राखी एकप्रति जिल्ला शिक्षा कार्यालयमा पठाउने,

(घ) अभियान सम्पन्न भएपछि प्रतिवेदन तयार गरी सम्बन्धित निकायहरूमा पठाउने र

(ङ) विद्यार्थी भर्नावृद्धिबाट देखापरेका समस्या समाधानका लागि अस्थायी रूपमा तुरुन्त पहल गर्ने र स्थायी समाधानका लागि सम्बन्धित निकायसँग समन्वय गर्ने,

**७. सबैका लागि शिक्षा अभियान कार्यक्रमको सञ्जाल :**

सबैका लागि शिक्षा अभियानका विभिन्न क्रियाकलापमा संलग्न सबै सरकारी निकाय, संयुक्त राष्ट्रसङ्घ सम्बद्ध निकायहरू एवम् गैरसरकारी सङ्घ संस्थाहरू यस सञ्जालका सदस्य हुनेछन् । यस सञ्जालका केन्द्रीय स्तरका प्रतिनिधिहरू मूल समिति र व्यवस्थापन समितिका बैठकहरूमा र क्षेत्र, जिल्ला र गाउँ/नगर तहमा सोही तहका प्रतिनिधिहरू आवश्यकताअनुसार आमन्त्रित गरिनेछन् । हालसम्म सहभागी भइसकेका सञ्जालका सदस्यहरूको नामावली अनुसूची २ मा दिइएको छ । यसमा नयाँ सहभागी हुने सदस्यहरू थप गर्न सकिनेछ ।

**८. कार्यक्रम अनुगमन :**

विभिन्न तहका अभियान समितिहरूद्वारा आ-आफ्नो कार्यक्रमको अनुगमन देहायको सूचकका आधारमा अनुगमन गर्नुपदर्छ :

| क्र. स. | कार्यक्रम सूचक | तह | सम्पन्न भएको (√) | सम्पन्न हुन नसकेको (X) | कैफियत |
|---|---|---|---|---|---|
| १. | निर्देशिकाको तयारी | केन्द्र | | | |
| २. | समितिहरूको गठन<br>❖ केन्द्र<br>❖ क्षेत्र<br>❖ जिल्ला<br>❖ स्रोतकेन्द्र<br>❖ विद्यालय | ❖ केन्द्र<br>❖ क्षेत्र<br>❖ जिल्ला<br>❖ स्रोतकेन्द्र<br>❖ विद्यालय | | | |
| ३. | कार्ययोजनाको तयारी<br>❖ केन्द्र<br>❖ क्षेत्र<br>❖ जिल्ला<br>❖ स्रोतकेन्द्र<br>❖ विद्यालय | ❖ केन्द्र<br>❖ क्षेत्र<br>❖ जिल्ला<br>❖ स्रोतकेन्द्र<br>❖ विद्यालय | | | |
| ४. | आवश्यक सामग्री<br>❖ विकास<br>❖ वितरण<br>❖ प्रयोग | ❖ केन्द्र<br>❖ केन्द्र,जिल्ला<br>❖ स्रोतकेन्द्र<br>❖ विद्यालय | | | |
| ५. | प्रचारप्रसार/ अभिमुखीकरण<br>❖ केन्द्र | ❖ केन्द्र | | | |

| क्र. स. | कार्यक्रम सूचक | तह | सम्पन्न भएको (√) | सम्पन्न हुन नसकेको (X) | कैफियत |
|---|---|---|---|---|---|
| | ❖ क्षेत्र<br>❖ जिल्ला<br>❖ स्रोतकेन्द्र<br>❖ विद्यालय | ❖ क्षेत्र<br>❖ जिल्ला<br>❖ स्रोतकेन्द्र<br>❖ विद्यालय | | | |
| ६. | रमणीय वातावरणको सिर्जना<br>❖ विद्यालय<br>❖ कक्षाकोठा | ❖ विद्यालय<br>❖ कक्षाकोठा | | | |
| ७. | बालमैत्री व्यवहार | विद्यालय | | | |
| ८. | सुविधाहरूको वितरण<br>(क) छात्रवृत्ति<br>(ख) पोसाक<br>(ग) सिकाइ सामग्री | विद्यालय | | | |
| ९. | अनुगमन योजना<br>❖ केन्द्र<br>❖ क्षेत्र<br>❖ जिल्ला<br>❖ स्रोतकेन्द्र<br>❖ विद्यालय | ❖ केन्द्र<br>❖ क्षेत्र<br>❖ जिल्ला<br>❖ स्रोतकेन्द्र<br>❖ विद्यालय | | | |

९. कार्ययोजना

| क्र. स. | क्रियाकलाप | कार्यान्वयन समय | जिम्मेवार निकाय | अनुगमन सूचक |
|---|---|---|---|---|
| १ | **कार्यान्वयन सहयोगी पुस्तिका**<br>क. तयारी<br>ख. उत्पादन | <br>फाल्गुण १५<br>फाल्गुण मसान्त | <br>शिक्षा विभाग<br>विश्व शिक्षा | <br>तयारी पुस्तिकाको सङ्ख्या<br>उत्पादित २,००० प्रति |
| २ | **समितिहरूको गठन र बैठक सञ्चालन गर्ने**<br>❖ केन्द्र (मूल र व्यवस्थापन)<br>❖ क्षेत्रीय<br>❖ जिल्ला<br>❖ न.पा./गा.वि.स.<br>❖ न.शि.स./गा.शि.स.<br>❖ स्रोतकेन्द्र<br>❖ विद्यालय<br>❖ बैठक सञ्चालन निरन्तर गर्ने | <br>❖ चैत्र १० गते<br>❖ चैत १२<br>❖ चैत १५<br>❖ चैत्र २०<br>❖ चैत्र २५<br>❖ निरन्तर<br>❖ निरन्तर | <br>❖ शि. म./ शिक्षा विभाग<br>❖ क्षे. शि. नि.<br>❖ क्षे. शि. नि.<br>❖ जिल्ला,<br>❖ स्रोतकेन्द्र<br>❖ स्रोतकेन्द्र<br>❖ प्र.अ./वि.व्य.स. | शिक्षा मन्त्रालयमा समितिको गठन<br>❖ शिक्षा विभागमा समितिको गठन<br>❖ क्षेत्रीय शिक्षा निर्देशनालय समितिको गठन<br>❖ जिल्लामा समितिको गठन<br>❖ स्रोतकेन्द्रमा समितिको गठन<br>❖ विद्यालयमा समितिको गठन |
| ३ | **सामग्रीहरूको उत्पादन तथा व्यवस्थापन गर्ने**<br>❖ पोस्टर,<br>❖ निमन्त्रणा-पत्र<br>❖ स्टिकर,<br>❖ विद्यार्थी भर्ना विवरण फाराम<br>❖ शैक्षिक सन्देश<br>❖ व्यानर/प्लेकार्ड<br>❖ अन्य सामग्री | <br>❖ चैत्र १५ गतेसम्म | <br>❖ शिक्षा विभाग र विश्व शिक्षा अभियान<br>❖ शिक्षा विभाग र विश्व शिक्षा अभियान<br>❖ शिक्षा विभाग र विश्व शिक्षा अभियान<br>❖ शिक्षा विभाग र विश्व शिक्षा अभियान<br>❖ शिक्षा विभाग<br>❖ जि. शि. का. र जिल्लास्तरीय विश्व शिक्षा अभियान समूह | <br>❖ विभिन्न तहमा पुग्ने गरी छपाइएका प्रतिहरू<br>❖ पोष्टरका प्रतिहरू<br>❖ निमन्त्रणा- पत्रप्रतिहरू<br>❖ स्टिकरका प्रतिहरू<br>❖ विद्यार्थी भर्ना विवरण फाराम<br>❖ शैक्षिक सन्देशका प्रतिहरू<br>❖ व्यानर/प्लेकार्ड र<br>❖ अन्य सामग्रीको उत्पादन । |
| ४ | **सामग्रीहरूको वितरण व्यवस्थापन गर्ने** | ❖ चैत्र २० गतेसम्म | ❖ सम्बन्धित सबै | ❖ विभिन्न तहमा पुग्ने सङ्ख्यामा वितरण |

| क्र. स. | क्रियाकलाप | कार्यान्वयन समय | जिम्मेवार निकाय | अनुगमन सूचक |
|---|---|---|---|---|
| ५ | **अभिमुखीकरण गर्ने**<br>❖ केन्द्र<br>❖ जिल्ला<br>❖ क्षेत्र<br>❖ स्रोतकेन्द्र<br>❖ विद्यालय | चैत्र २० देखि बैशाख १० गतेसम्म | शिक्षा विभागको संयोजकत्वमा ३ सदस्यीय समितिले अभिमुखीकरण र समयतालिका बनाई जिम्मेवारी तोक्ने । | केन्द्र, क्षेत्र, जिल्ला, स्रोतकेन्द्र तथा विद्यालय तहमा विभिन्न किसिमका (क्रियाकलापहरूको नाम…………………)<br>क्रियाकलापहरूको सञ्चालन,<br>❖ बैठक सङ्ख्या |
| ६ | **प्रचार प्रसार (Advocay) गर्ने**<br>❖ रेडियो<br>❖ टेलिभिजन<br>❖ पत्रपत्रिका<br>❖ अन्य (लोकगीत, भेला, अन्तरक्रिया, निमन्त्रणा, घरदैलो आदि) | चैत्र २५ देखि बैशाख १८ गते सम्म | शिक्षा विभाग, विद्यालय व्यवस्थापन शाखा (प्राथमिक) को संयोजकत्वमा पत्रकार र विद्यालयसमेतको प्रतिनिधित्व हुने गरी ५ सदस्यीय समिति अनुसन्धान तथा EMIS section राख्ने | प्रत्येक कार्यक्रमको<br>❖ प्रसारण सङ्ख्या<br>❖ टेलिभिजनको प्रसारण संख्या<br>❖ पत्रपत्रिकाको समाचार नमुना संख्या<br>❖ अन्तक्रिया घरदैलो, भेलाका विवरण |
| ७ | **सन्देश प्रसारण**<br>❖ मन्त्रालय र साझेदार संस्थाहरूबाट अनुरोध सन्देश प्रसारण (रेडियो, टेलिभिजन तथा छापा माध्यम)<br>❖ स्थानीय एफ्. एम्.हरूको प्रयोग | ❖ चैत्र ३० देखि बैशाख १७ गतेसम्म<br>❖ चैत ७ गते | शिक्षा विभाग शैक्षिक व्यवथापन महाशाखा | प्रत्येक सन्देशको<br>❖ सङ्ख्या<br>❖ माध्यम |
| ८ | **तथ्याङ्क सङ्कलन तथा आवश्यक सुविधाको तयारी**<br>❖ पाठ्यपुस्तक<br>❖ छात्रवृत्ति<br>❖ विद्यालयमा रमणीय वातावरण<br>❖ अन्य तयारी | चैत्र १५ देखि चैत्र २५ सम्म | शिक्षा विभाग | सुविधाका<br>❖ प्रकार<br>❖ प्राप्त गर्नेको सङ्ख्या |

| क्र. स. | क्रियाकलाप | कार्यान्वयन समय | जिम्मेवार निकाय | अनुगमन सूचक |
|---|---|---|---|---|
| ९ | **अभिलेख व्यवस्थापन**<br>**पाठ्यपुस्तकको वितरण र उपलब्धता**<br>❖ नयाँ भर्ना हुने विद्यार्थीको भर्ना फाराम भर्ने,<br>❖ विद्यालयका अन्य विद्यार्थीहरूको फाराम भर्ने<br>❖ विद्यार्थीहरूको भर्ना फारामहरूलाई सिलाइ (स्टिच) गरी एकीकृत अभिलेख तयार गर्ने,<br>❖ स्वागत कार्यक्रम पर्व मनाउने । | बैशाख महिना | विद्यालयले कार्य गर्ने र शिक्षा विभाग, क्षेत्र, जिल्ला, स्रोतकेन्द्र तथा सङ्घ संस्थाहरूले सहयोग पुऱ्याउने | अभिलेखको विवरण<br>❖ नयाँ भर्ना भएका विद्यार्थीहरूको सङ्ख्या, फाराम विवरण<br>❖ अन्य विद्यार्थीहरूको सङ्ख्या, फाराम विवरण<br>❖ एकीकृत अभिलेखन<br>❖ पर्व दिन सम्पन्नका प्रतिवेदन |
| १० | **अनुगमन**<br>❖ Regular monitoring in district quarterly based<br>❖ केन्द्र<br>❖ क्षेत्र<br>❖ जिल्ला<br>❖ स्रोतकेन्द्र<br>❖ विद्यालय | चैत्र २५ देखि बैशाख ३० सम्म | शिक्षा विभाग, योजना तथा अनुगमन महाशाखा,<br>शिक्षक युनियन, GCE group | विभिन्न निकायहरूबाट भएको पटक अनुगमन<br>❖ तह<br>❖ सङ्ख्या |
| ११. | आफ्नो कार्यक्षेत्र जिल्लामा भर्नाको प्रतिवेदन र भर्ना भएको अवस्था देखाउने जिम्मा सम्बधित संस्थाले लिने | निरन्तर | भर्ना अभियानसँग सम्बन्धित संस्थाहरू | अद्यावधिक अभिलेख । |

अनुसूची १

## विद्यार्थी भर्ना विवरण फाराम, २०६७

(१) विद्यालयको कोड नं. ☐

विद्यालयको नाम : ☐

जिल्ला : ☐ गा.वि.स./न.पा. ☐ टोल ☐ वडा नं. ☐

(२) विद्यार्थीको नाम थर :

(क) लिङ्ग ☐ (ख) जन्म मिति ☐

(ग) जाति ☐ दलित भए ☐ जनजाति भए ☐

(घ) धर्म ☐ (ङ) विद्यालय भर्ना गरेको साल र कक्षा ☐ ☐

(च) हाल अध्ययनरत कक्षा ☐ (छ) सेक्सन ☐ (ज) रोल्नं. ☐

(झ) विद्यार्थी नम्बर: ☐ (ञ) जन्म दर्ता : भएको ☐ नभएको ☐

(ट) मातृभाषा ☐

(३) शारीरिक स्थिति : (क) स्वस्थ्य ☐ (ख) अपाङ्ग ☐ अपाङ्ग भए, सामान्य ☐

विशेष अपाङ्ग भए (क) शारीरिक ☐ (ख) आँखा कम देख्ने ☐ (ग) आँखा पूरै नदेख्ने ☐

(घ) कान कम सुन्ने ☐ङ) कान पूरै नसुन्ने ☐(च) सुस्त मनःस्थिति, सामान्य विशेष ☐

(छ) बहु अपाङ्गता ☐ (ज) मानसिक असन्तुलन ☐

(४) बाबु तथा आमाको नाम

| बाबुको नाम | पेसा | नागरिकता | शिक्षाको स्तर | आमाको नाम | पेसा | नागरिकता | शिक्षाको स्तर |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

(५) स्थायी ठेगाना : जिल्ला ☐ गा.वि.स./न.पा. ☐ ☐ वडा ☐

टोल

(६) हाल विद्यार्थी बसिरहेको ठेगाना : जिल्ला ☐ गा.वि.स./न.पा. ☐

वडा ☐ टोल ☐

(७) स्थायी ठेगानाबाहेक अन्यत्र बसेको भए कोसँग बसेको :

(क) आमा बाबु ☐ (ख) बाबु ☐ (ग) आमा ☐ (घ) दाजु, दिदी ☐ (ङ) अन्य अभिभावक ☐

(च) आफन्त ☐

(८) आफ्नो बाबु आमाबाट जन्मेका दाजुभाइ सङ्ख्या : ☐ दिदी ☐ बहिनी ☐ सङ्ख्या

दाजुभाइ तथा दिदी बहिनीमध्ये आफ्नो कतिऔं नम्बरमा पर्ने हो उल्लेख गर्ने : जम्मा ☐

परिवार सङ्ख्या : ☐

(९) शिक्षा नियमावली, २०५९ को नियम १५२ अनुसार घर परिवारको आय स्थितिबारे वि.व्य.स. को राय :

निःशुल्क शिक्षा प्रदान गर्ने प्रयोजनका लागि उल्लिखित बालक/बालिकाको आयस्तर

तोकिएको सीमामा रहेको ☐ माथि रहेको ☐ तल रहेको ☐

**द्रष्टव्य :**
*शिक्षा नियमावली, २०५९ को नियम, १५२ अनुसार निःशुल्क शिक्षा उपलब्ध गराउनुपर्ने प्रयोजनका लागि गरिबीको रेखामुनि रहेका विद्यार्थी भन्नाले दलित, जनजाति महिला लगायत अन्य व्यक्तिको परिवारको माथि उल्लेख गरेबमोजिम भएको भनी सम्बन्धित वडाको सिफारिसमा गाउँ विकास समिति वा न.पा.ले सिफारिस गरेबमोजिम विद्यालय व्यवस्थापन समितिले गरेको निर्णयलाई जनाउँछ ।*

फाराम भर्ने शिक्षकको नाम : .......... ........... ............ .........

हस्ताक्षर : .......... ........... ........

प्र.अ. को नाम थर : .......... ........ .......... ........ ........

हस्ताक्ष : ...... ..... .......

वि.व्य.स.को प्रतिनिधिको नाम : ....... ...... ........... ..........

हस्ताक्षर : ..... ....... ..... .....

मिति : ....... .......... ........ ......